# सिस्ने गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल

## आ.व. २०७८।०७९ को लागि ढुंगा, गिट्टी, वालुवालगायतका नदीजन्य पदार्थको कर तथा शुल्क संकलन सम्बन्धी बोलपत्र आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०७८।०५।२० गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (घ) (६) तथा सोही ऐनको दफा ६४ को उपदफा (१) को (च) मा व्यवस्था भए बमोजिम सिस्ने गाउँपालिकाको क्षेत्रभित्र आन्तरिक खपत तथा अन्य स्थानीय तहमा निकासी पैठारीका लागि ढुंगा, गिट्टी, वालुवालगायतमा आर्थिक वर्ष २०७८।०७९ का लागि आन्तरिक आयसम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा तपसिल बमोजिमको विवरण र शर्तहरुको अधीनमा रही कर दस्तुर शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक फर्म, कम्पनी वा व्यक्तिवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यस कार्यालयवाट जारी गरिएको बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| बोलपत्र ठेक्का नं | ठेक्काको विवरण | न्यूनतम ठेक्का मूल्य रु (मू.अ.क. बाहेक) | बोलपत्र फाराम दस्तुर | संकलन गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|
| सिनवन्दी/सिस्ने/आ.रा./०१/०७८/०७९ | सिस्ने गाउँपालिका अन्तर्गत सानीभेरी नदीवाट नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, वालुवा) तथा दहत्तर बहत्तर (काठ, दाउरा) उत्खनन, संकलन तथा बिक्री वितरण | रु. २७,००,०००/- (अक्षरपी सत्ताइस लाख मात्र) | रु. ३०००/- | १८०००/- घन मिटर |

**शर्तहरु:**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व. २०७७।०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको नगद रसिद वा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १८९०३००००१००१००००१ मा बोलपत्र फारम खरिद गरे वापत जम्मा गरेको सक्कल भौचर साथ निवेदन संलग्न राखी मिति २०७८।०६।०४ गते कार्यालय समयभित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२) खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७८।०६।०५ गते) दिनको १२:०० बजेभित्र दर्ता गराइ सक्नुपर्नेछ । बोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदाको दिन परेमा सो लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३) बोलपत्र फाराम साथ धरौटी वापत कुल कबोल अंक (मू.अ.क. समेत) को ५ (पाँच) प्रतिशतले हुन आउने रकम कार्य सम्पादन जमानत स्वरुप यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा रहेको धरौटी खाता नं. १८९०३००००३०००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारवाट इजाजतप्राप्त बैंक वा वित्तीय संस्थावाट ४५ दिनको म्याद कायम गरी जारी भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

४) एक फर्म वा संस्थाको नामवाट खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन ।